# रेडियो सम्झँदा

**देवान राई**

हाम्रो गाउँमा त्यस बेलासम्म पनि रेडियो लाहुरेहरूले मात्र बोक्थे, जतिबेला देश रेडियोबाट टिभीतिर फड्को मार्दै थियो । रेडियो नेपाल आफ्नो प्रसारणको तेस्रो दशकमा हिँड्दै थियो । हाम्रालागि भने रेडियो नौलो र अद्भुत चीज नै थियो । रेडियो बोक्नु र सबैले सुन्ने गरी बजाउनु त्यस बेलासम्म शानको विषय थियो । गाउँघर डुल्दा होस् वा कुनै जमघटमा, रेडियोधनीको साथ छोड्न पाउँदैनथ्यो रेडियोले ।

साँच्चै नै, त्यो सबैको वशको कुरो थिएन । त्यस बेलासम्म कतिले नै देखेका थिए होलान् र रेडियो ! पुर्खौली थलो छोड्नु हुन्न भन्ने धारणा गाउँमा अद्यापि छँदैछ । लाहुरेहरू पनि खास थिएनन् हाम्रो गाउँमा । दोस्रो विश्व युद्धमा लडेका हाम्रा काकाहरू युद्ध मैदानबाटै भागेर गाउँ फर्केका हुन् रे । लाहुरमा रहेको समय पनि युद्ध मैदानमै बिताएर फर्कनु परेकाले न कमाइ गर्न सके न केही देख्न जान्न नै पाए । रेडियो त्यसैले दोस्रो लाहुरे पुस्ताले हाम्रो गाउँ

भित्र्याएका हुन् । दोस्रो पुस्तामा भारतीय लाहुरेहरू थिए । पहिलो चोटि यिनैले ल्याएको ट्राञ्जिस्टर रेडियो देख्ने र सुन्ने अवसर पाएको थिएँ मैले ।

रेडियो शानको विषय थियो चालीसको दशकको अन्तसम्म पनि । नहोस् पनि किन ? पूर्वको अँध्यारो जिल्लाको रूपमा खोटाङ अद्यापि परिचित छँदैछ । खोटाङको याम्खा गाविसअन्तर्गत मेरो गाउँ खमारे पर्दछ । सदरमुकाम दिक्तेलदेखि दक्षिण-पश्चिम दिशामा करिब छ घण्टा उकालो ओरालो हिँडेपछि यो मेरो गाउँमा पुग्न सकिन्छ । गाउँमा रेडियो हुनु एउटा कुरो, त्यसलाई बजाउन सक्नु फेरि अर्को सामर्थ्यको कुरो । हाम्रा डाँडाकाकाले बजाउने रेडियोमा चारओटा 'डी' साईजका ब्याट्री लाग्थे । फेरि उस बेला रेडियो सुन्नभन्दा सुनाउन बजाइने पनि गरिन्थ्यो । ब्याट्री प्रशस्तै खर्च हुने नै भयो । त्यसैले रेडियो बजाउनेको घर टाढैबाट चिनिन्थ्यो । रेडियो भएको घरका बार्दलीमा ब्याट्रीलाई पुनः प्रयोग गर्न लाम लगाएर सुकाइएका हुन्थे । त्यो कति वैज्ञानिक तरीका हो त्यो भन्न सक्दिनँ तर 'रेडियो' भन्नेबित्तिकै अझसम्म पनि त्यही ब्याट्रीको लाम मेरो मानसपटलमा तस्बिर बनी नाच्न थाल्छ । हुन त 'टर्चलाइट' मा पनि ब्याट्रीको प्रयोग हुन्थ्यो । तर महङ्गो भाउको कारण मेरो गाउँमा त्यसको चलन नगण्य नै थियो । रातीमा उज्यालोको लागि राँकोले काम चलिहाल्थ्यो । त्यसैले बार्दलीमा ब्याट्री भएको घर त रेडियोवालाकै हुन्थ्यो ।

हाम्रो वडामा ब्याट्री बार्दलीमा लहरै सुकाइने घर उस बेला एउटै मात्र थियो– डाँडा लाहुरे काकाको घर । उहाँको घर डाँडामा थियो । त्यसैले उहाँको रेडियो बजेको हाम्रो टोलका सबैजसोले राम्ररी सुनेको हुनुपर्छ । त्यो रेडियो जति चर्को बज्थ्यो मलाई त उति राम्रो लाग्थ्यो किनकि आफ्नो घरमा त रेडियो नै थिएन । चर्को बजाउँदा उनीहरूको पनि शान बच्थ्यो; हामीलाई उद्धार हुन्थ्यो । खासमा त्यो रेडियो मैले लामो समयसम्म देखेको पनि थिइनँ । घरको बार्दलीमा बसेर म घण्टौँ सुन्थेँ र विभिन्न अनुमान लगाउँथे । अर्को भाकामा भन्ने हो भने म सुन्नेभन्दा गम्ने बढी गर्थें । कारण बाजा त स्पष्ट सुनिन्थ्यो तर भाका र शब्द भने कम स्पष्ट हुन्थ्यो । म सोच्थेँ रेडियोभित्र मान्छे हुनुपर्छ । नत्र कसरी बोल्छ त्यो ? तर त्यत्रा मानिस कहाँ अटाउँदा होलान् ? यी जिज्ञासाहरू रेडियो देखेपछि कम भए तर निमिटचान्न भने भएन । एउटा खेलौना बाकस कसरी बज्न सकेको होला ? म चियाएर त्यसभित्र बोल्ने मानिसलाई बारम्बार हेर्ने प्रयास गर्दथे ।

डाँडामा बज्ने रेडियोबारे मैले जति पनि अनुमान लगाउँथे ती सबै गलत रहेछन् । बार्दलीमा बसेर सुन्नु र त्यसका बारेमा अनुमान लगाउनुको विकल्पै

थिएन । बाले भन्नुहुन्थ्यो त्यो ‘ट्वेल्भ ट्राञ्जिस्टर’ रेडियो रे; जापानमा बनेको । त्यो किन्ने र बजाउने हैसियत उस बेला उही लाहुरे काकाको मात्र थियो । पछि मात्र थाहा भयो, त्यो ‘नेशनल पानासोनिक’ भन्ने नामी कम्पनीको महङ्गो रेडियो रहेछ ।

गाउँको त्यो एकमात्र रेडियोलाई मैले नजिकबाट देख्ने र सुन्ने अवसर भने २०४० सालतिर मात्र पाएँ । त्योबेला हाम्रो तिप्पा (बडाबा) घर बनाउँदै हुनुहुन्थ्यो । लाहुरे कान्छाउ (काका) को रेडियो अन्तरेबाउ (अन्तरे काका) ले लिएर तिप्पाकोमा सिकर्मी गर्न आउनुहुन्थ्यो । हो, उहाँले त्यो नामी रेडियो घन्काउँदै आउनुहुन्थ्यो । हामी छुन त पाउन्नथ्यौं तर टाढैबाट धित मरुञ्जेल हेर्थ्यौं, सुन्थ्यौं । त्यसलाई कपडाको राम्रो खोलभित्र सुरक्षित राखिएको हुन्थ्यो । काकाले काँधमा छड्के पारी भिरेर घन्काउँदै हिँडेको देख्दा हामी थुक निल्थ्यौं ।

रेडियोमा दिउँसो के बज्थ्यो त्यो थाहा छैन तर बिहान केही क्षण र बेलुकी स्कूलबाट फर्कनासाथै म त्यही काठको काम गर्ने ठाउँमा दौडेर पुगिहाल्थेँ । अझ कहिले त खाजै नखाई कुद्थेँ । रेडियो नेपालको प्रसारण चार बजे नै सकिन्थ्यो । तर साढे पाँच बजे औधी रमाइलो *बाल कार्यक्रम* आउने गर्थ्यो । वासुदेव मुनालको आवाज र बालबालिकाहरूको ‘जय नेपाल’ भन्ने उद्घोष कानमा अहिले पनि प्रस्ट गुञ्जन्छ । त्यो धुन पनि मीठो, कार्यक्रम पनि रोचक । तर त्यस कार्यक्रममा कसरी भाग लिने भन्ने कुरो मलाई थाहा थिएन । वास्तवमा रेडियोमा हामी जस्तै मान्छे बोल्छन् भन्ने कुरो कहिल्यै मनमा आएन । कसैले बताएनन् पनि । बताउनलाई त यसका बारेमा थाहा हुनु पर्‍यो नि । ती रेडियोमा काम गर्ने मान्छे, हाम्रो त के कुरा, उस बेलाका रेडियोधनीका लागि पनि चमत्कारी व्यक्तित्व नै थिए होलान् ।

बालक मन न हो, हामी रेडियोको नक्कल गर्न थाल्थ्यौं । माटो मुछेर विभिन्न आकारको रेडियो बनाउँथ्यौं । माटोको भए पनि त्यसलाई हामी सक्दो सिँगार्थ्यौं । त्यो आकारमा होस् वा रूपमा वास्तविक रेडियोभन्दा कम आकर्षक हुन्नथ्यो । त्यसमा ‘टचून’ गर्ने डल्लो हुन्थ्यो, ब्याण्ड हुन्थ्यो । कागजको मिटर र त्यसमाथि रङ्गीन धागो पनि । बाँसको सिक्राको एरिएल । फरक त्यति हो कि त्यो बज्दैनथ्यो । तर हामीलाई थाहा भए जति सबै गीत, नाटक (रूपक) का संवाद तथा समाचार वाचन त्यो नक्कली रेडियोबाट आउँथ्यो, हामीमार्फत । ‘यो रेडियो नेपाल हो । अब दुर्गानाथ शर्माबाट समाचार सुन्नुहोस्,’ भन्नुअघि मुखबाटै एक चरन धुन पनि बज्थ्यो । धुन चाहिँ कुन गीतको हो, अहिले पनि मलाई थाहा छैन । समाचार आउनुअघिको छोटो धुन जसोतसो बजाएपछि ‘टूक्,

टूक्, टूक् टीई ...' चाहिँ दुरुस्तै गर्दिन्थ्यौँ हामी । हाम्रो समाचार वाचन पनि उही 'श्री ५ महाराजधिराज ...' भन्ने वाक्यांशबाटै सुरु हुन्थ्यो । स्थानीय घटनाक्रम एक त हामीलाई हेक्का पनि हुन्नथ्यो, अर्को, हामीलाई लाग्थ्यो कि समाचार भन्ने मापदण्ड पनि यही नै हो । हामी प्रतिस्पर्धामा विभिन्न व्यक्तिको नक्कल गर्ने गर्थ्यौं । यो हाम्रो रुचिको खेल थियो र मलाई अनुपम रमाइलो लाग्थ्यो यो खेल ।

२०४२ सालतिर नागाल्याण्ड भारतमा कोइला काटेर फर्केका 'कोइलाखाते लाहुरे' हरूले धमाधम भारतीय रेडियो ल्याउन थालेपछि भने लाहुरे काकाको रेडियोको एकछत्र रजाइँ अन्त नै भयो । गाउँमा रेडियो सेटको सङ्ख्या बिस्तारै बढ्दै गयो । गाउँको हाट बजारमा रेडियो बोक्ने अब लाहुरेहरू मात्र भएनन् । भारतीय रेडियो मूल्यमा सस्तो भएकाले गैरलाहुरेले पनि किन्न सक्ने अवस्था आयो । रेडियो बोक्ने वर्ग भनेर छुट्ट्याउन गाह्रो हुन थाल्यो । खोला गडतिरमा 'सेरे बोतल' मा रक्सी बेच्दै लाहुरे कुर्ने 'खुसे' (कान्छी छोरी) हरू अब अलमलमा पर्ने नै भए । यी कोइलाखातेहरूसँग के थिएन, जो खाँटी लाहुरेहरूमा हुन्थ्यो । उनीहरूसँग पैसा पनि थियो, खर्च पनि गर्ने, हँसिमजाक पनि जान्ने । उनीहरूको चकचकी बढेपछि एक पटक त गाउँका तन्नेरीहरू मात्र हैन अधबैंसेहरू समेत सबै मुग्लान भासिएका थिए । फर्कदा पैसा नल्याए पनि उनीहरूले रेडियो भने ल्याएकै हुन्थे । जापानी 'नेशनल पानासोनिक' रेडियोलाई मात्र ट्राञ्जिस्टर भनिन्थ्यो । त्यसबाहेकका अन्य रेडियोलाई चाहिँ 'भारतमा बनेको रेडियो', 'ताईवानमा बनेको रेडियो' भनिन्थ्यो । कति यस्ता रेडियोमा त दुईओटा मात्र ब्याट्रीले चल्ने पनि आउन थाले ।

गाउँ रेडियोमय भए पनि आफ्नो घरमा २०४५ सालतिर पनि रेडियो थिएन । रेडियोको तिर्सना भने बढ्दो थियो । भेनाको रेडियोले त्यो चाहना केही मात्रामा पूरा गरिदिन्थ्यो । छिमेकी गाउँबाट उहाँ हाम्रोमा आउँदा सधैँ त्यो रेडियो बोकेर आउनुहुन्थ्यो । शिक्षण पेशामा संलग्न भेनाका दाजु भने लाहुरे हुनुहुन्थ्यो र लाहुरेदाजुले नै उहाँको घरमा रेडियो भित्र्याउनु भएको हुनुपर्छ । भेना रेडियो त्यत्ति सुन्नुहुन्नथ्यो । यद्यपि त्यस बेलाको चल्तीअनुसार बोकेर हिँडडुल भने गर्नुहुन्थ्यो । दिदी अघिल्तिर झोलाभित्र बोतलमा रक्सी र टपरीमा सेलका कोसेली लिएर तथा भेना एकातर्फ भाञ्जी र अर्कोतर्फ रेडियो झुण्ड्याएर आउनुहुन्थ्यो हाम्रो घरमा ।

रेडियो हाम्रोमा आइपुगेपछि मेरो कब्जामा परिहाल्थ्यो । दशैंको बेलामा उहाँहरू तीनचार दिन बस्नुहुन्थ्यो । पाहुना घरमा हुँदाका धेरै फाइदा थिए ।

मीठो खान पाइने, घरमा पाहुनालाई साथ दिएर काम नगरी बस्न पाइने र मुख्य रूपमा, काम बिगारे पनि गाली नपाइने । पाहुनाको अगाडि गाली गर्न मिल्दैनथ्यो । त्यो पर्व त्यसै पनि रमाइलो, अझ रेडियो सुन्न पाउँदा म झन् फुरुङ्ग । पाहुनालाई साथ दिनभन्दा पनि रेडियो सुन्नेतर्फ नै मेरो ध्येय र ध्यान रहन्थ्यो । त्यो रेडियोको मिटरलाई बारम्बार यताउता घुमाइरहन्थेँ । काखमा रेडियो राखेर त्योभित्रबाट बोल्ने मान्छेहरूबारे विभिन्न कल्पना गर्थें । त्यही रेडियो सुनेर मैले रेडियोमा काम गर्ने केही मान्छेको नाम जानिसकेको थिएँ । समाचारवाचक दुर्गानाथ शर्मा र ध्रुवहरि अधिकारी दैनिक फेरबदलमा समाचार पढ्ने गर्नुहुन्थ्यो । त्यस्तै धन लामा, सरिता भट्ट, कृष्णा ताम्राकार, पाण्डव सुनुवार, वासुदेव मुनाल आदि कार्यक्रममा उद्घोषण गर्नुहुन्थ्यो । यस बेलासम्म त रेडियो नेपालको प्रसारण अवधि पनि लम्बिसकेको थियो । शनिबारको प्रसारण अवधि त बिहानको छ बजेबाट बेलुकी चार बजेसम्म लगातार हुन्थ्यो ।  हामी विद्यार्थीहरूको व्यथा बुझेर समय बढाइदिएको जस्तो लाग्थ्यो मलाई त्यस बेला ।

२०४६ सालतिर बल्ल हाम्रो घरमा पनि आफ्नै रेडियो आइपुग्यो । म पढ्ने स्कूलमा गृहकार्य खासै दिइन्नथ्यो । मेरो स्कूलमा मात्र होइन, गाउँतिरका सबैजसो स्कूलमा कक्षा नौ नपुगिञ्जेल लटरपटर गरे हुन्थ्यो जस्तो लाग्छ मलाई । विद्यार्थी पनि त्यसै गर्छन् र शिक्षक पनि । नौ र दसमा चाहिँ हिसाब र विज्ञान पढ्नेलाई केही गृहकार्य दिने गरिन्थ्यो, नत्र सम्मडम्म । त्यसैले पढाइको बोझ खासै हुँदैनथ्यो । स्कूले जीवनकालमा साह्रै मन परेको कार्यक्रममा *फर्माइसी गीतको कार्यक्रम* पनि पर्थ्यो । गीत मात्र सुन्ने हैन, भाव पनि बुझ्ने भइसकेका थियौँ हामी । रेडियो पनि घरमै थियो । त्यो कार्यक्रमले प्रत्यक्ष अप्रत्यक्ष धेरै फाइदा पुऱ्याएको थियो हामीलाई । पहिलो त हामीलाई मन पर्ने गीतहरू सुन्न पाइन्थ्यो । नारायण गोपाल, गोपाल योञ्जन, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठका स्वरको कल्पना गर्दै गीतका भाका भर्थ्यौँ । हामी थाहै नपाई 'आधुनिक' भनिने गीतहरूप्रति आकर्षित हुँदै थियौँ । हामी छोटा मीठा गीतहरू पनि लेख्थ्यौँ । कोही सङ्गीतकार त कोही गायक बन्ने सपना देख्थ्यौँ । तर लोक गीतमा भने सङ्गीतकार किन नभनेको हो भन्ने तीव्र जिज्ञासा हामीमा थियो ।

*फर्माइसी गीतको कार्यक्रम*को अर्को फाइदा भने विभिन्न ठाउँका नाम जान्नु र आफ्नै लागि उपनामको विकल्प पाउनु नै हो । त्यो गाउँबाट बाहिर नगएको भए पनि हामी नेपालका दूरदराजका गाउँ-ठाउँको नाम जान्दथ्यौँ । हाजिरीजवाफ कार्यक्रमका लागि जिल्ला सदरमुकाम याद गर्न यो जानकारी धेरै सहयोगी हुन्थ्यो । पढेर होइन, *फर्माइसी गीतको कार्यक्रम*का श्रोताका नामको

नक्कल गरेर हामी उपनाम राख्ने गर्थ्यौं । धन्य *फर्माइसी गीतको कार्यक्रम* ! त्यस अवधिमा मैले धेरै पत्रहरू पनि पठाएको थिएँ अनुरोध कार्यक्रममा । तर आफ्नो नाम पढेको सुन्न भने कहिल्यै पाइएन । दिउँसोमा उक्त कार्यक्रम आउने समयमा हामी त स्कूलमा पढिरहेका हुन्थ्यौं । सायद आयो पनि होला तर यकिन छैन । छुट्टीका दिनहरूमा पनि मेलापात जानुपर्ने भएकोले भनेको कार्यक्रम सुन्न समय कहाँ मिल्थ्यो र ? त्यसो त मेलापातको ठट्टा, हँसिमजाक पनि कम रमाइलो भने हुन्नथ्यो ।

बीबीसी नेपाली सेवाको चर्चा छयालीस सालको आन्दोलनताक ह्वात्तै बढेको थियो । बीबीसीको समाचार सुनेपछि मात्र आन्दोलनमा के भइरहेछ भनेर विश्वास गरिन्थ्यो । दाइ भन्नुहुन्थ्यो– "रेडियो नेपालको समाचार त गलत हो । सयौँ मान्छे मरिसके तर पनि आन्दोलन रोकिनेवाला छैन जबसम्म पञ्चायती शासन फालिन्न ।" पञ्चायतमा काम गर्ने हाम्रो बालाई यो कुरा पच्दैनथ्यो र विवाद हुन्थ्यो । बीबीसीको समाचार सुनेपछि विवाद केही साम्य हुन्थ्यो । मलाई त समाचार नसुनिदिए पनि हुन्थ्यो जस्तो लग्थ्यो किनभने मलाई समाचारको मतलव थिएन । बरु त्यही समयमा अन्य स्टेसनमा आउने रमाइला कार्यक्रम छुटे भन्ने पिरलोले नै सताउँथ्यो । बीबीसी सुन्दा मलाई याद भएको कुरा त "पत्राचार गर्नुहोस् र नयाँ वर्षको क्यालेण्डर पाउनुहोस्" मात्र हो । बाँकी कुराले मलाई त्यति माने दिँदैनथे । मैले रेडियो पेचिङ्ग तथा बीबीसी नेपाली सेवासँग कार्ड तथा क्यालेण्डर पाउनको लागि पत्राचार गर्थें । बीबीसीबाट पाएको एक दशकअघिको क्यालेण्डर तथा ब्रोसर (जानकारी पत्र) अझ पनि मैले सुरक्षित राखेको छु ।

लण्डनबाट प्रसार हुने भए पनि बीबीसी नेपाली सेवाको लागि काठमाडौँको ठेगानामा पत्र पठाए भैहाल्थ्यो तर रेडियो पेचिङ्गको लागि चीन पत्र पठाउन कति मूल्यको टिकट टाँस्ने भन्ने हाम्रो हुलाकको खर्दारलाई पनि थाहा थिएन । गाउँको हुलाकबाट चीनमा पत्र पठाउने म नै पहिलो प्रेषक थिएँ । मैले पहिले भारतलाई कति लाग्छ भनी सोधेँ । भारत र चीन नेपालबाट उत्तिकै दूरीमा छन् र बराबरकै टिकट लाग्छ भन्ने मेरो तर्क थियो । आखिर पत्र त्यही एक रुपियाँको टिकट टाँसी पठाइयो । पुग्छ जस्तो लागेको थिएन मलाई र हुलाकका कर्मचारीलाई पनि । तर एकदिन 'सुनदिदी' को नामबाट मलाई पत्र आयो । सुनदिदी रेडियो पेचिङ्गमा नेपाली भाषामा कार्यक्रम चलाउने चिनियाँ दिदीको नेपाली नाम थियो । साथमा क्रिसमसको कार्ड (क्रिसमस भन्ने शब्द पाठ्य पुस्तकमा त थियो तर त्यसको माने के हो थाहा पत्तो थिएन) र चिनियाँ खेलौनाका चित्र

भएको चारओटा सुन्दर कार्डहरू पनि थिए जो मैले पहिलो चोटि देखेको थिएँ । त्यो दिन अलौकिक शान र आनन्दको अनुभव गरेको थिएँ मैले । नहोस् पनि किन ? त्यो हुलाकमार्फत चीनबाट नेपालीलाई आएको पहिलो पत्र मेरो नै थियो । ती हुलाकका कर्मचारी पनि दङ्गदास परेका थिए । चाहे सुनदिदीले पठाएका कार्ड र पत्र हुन् वा बीबीसीले पठाएको क्यालेण्डर र ब्रोसर हुन्, ती मेरो जीवनका अमूल्य उपहार हुन् । मेरो रेडियो श्रवणका निसानी पनि हुन् ती ।

पत्र मात्र लेख्ने हैन, मन परेको गीत रेडियोमा बज्दा सार्ने चलन पनि थियो मेरो । श्रुति लेखन स्कूलका शिक्षकहरूलाई थाहा थियो होला तर हामीलाई भने कहिल्यै थाहा भएन स्कूल पढिञ्जेल । गीत सुनेर एकै पटकमा सार्न सकिन्नथ्यो । अभ्यास थिएन । पाठ लेख्नको लागि एकदुई पेज पैँचो माग्ने चलन थियो तर गीत सार्नको लागि भने हाम्रो भाषामा 'लाईट कपी' भनिने कडा गाता भएको नोटबुक (प्रायः चीलको नक्सा भएको) प्रयोग गरिन्थ्यो । गीतको त्यो कापी अरूसँग साटासाट पनि गर्नु पर्थ्यो । तसर्थ अक्षर पनि खिपेर राम्ररी लेखिएको हुन्थ्यो । त्यसो त पहिलो पटक भने लेख्न मिल्ने जे उपलब्ध हुन्थ्यो, त्यसैमा तत्काल टिप्ने चलन थियो । पछि मात्र सफासँग 'लाईट कपी' मा उतारिन्थ्यो ।

गीत सार्ने काम चानचुने थिएन । मन परेको गीत दिनमा कहिले, कुन समयमा आउँथ्यो भन्न मुस्किल हुन्थ्यो । कहिले हप्तौं आउन्नथ्यो । तर हामी कुर्थ्यौं र गीत पूरा गरिकन छोड्थ्यौं । हामीलाई राम्ररी थाहा हुन्थ्यो कापीमा कहाँ कुन गीत छ र त्यो कति अपूरो छ । दोहोऱ्याएर सुन्न पाए हुन्थ्यो जस्तो त लाग्थ्यो नि । विकल्प भने थिएन । सिरानटोलका मलाया लाहुरे काकाले गाउँ आउँदा 'क्यासेट' (क्यासेट प्लेयर) ल्याउनुभएको थियो । 'थ्री पिस' भनिने १२ ब्याट्री लाग्ने बडेमाको 'टेपरेकर्ड' ले उहाँ फर्कंदादेखि नै विश्राम लियो । कसले लगाउने त्यति धेरै ब्याट्री ? ब्याट्री त घण्टाभर मै सिद्धिन्थ्यो रे । म त गैह्राटोलबाट नेपाली चलचित्र *कुसुमे रुमाल*को गीतसम्म सुन्थेँ तर देख्ने सौभाग्य भने पाइनँ । काका धरानतिरै बस्न थाल्नु भयो । टेपरेकर्ड त्यसै थन्कियो । रेडियोको चहलपहल सुरु भयो । बिस्तारै त्यसको मोह पनि टुट्यो । बेसै भयो- कति सुन्नु त्यही एकोहोरो *कुसुमे रुमाल*को गीत ?

मलाई गीत सार्न सघाउने दिदी हुनुहुन्थ्यो । दाजुले भने त्यो गीतमा छुटेका शब्द पत्ता लगाई सहयोग गर्नुहुन्थ्यो । विशेष गरी हिन्दी फिल्मी गीत अर्थ्याउने काम दाजुले गरी दिनुहुन्थ्यो । रेडियो नेपालमा हिन्दी गीतहरूको मात्रा बढी रहेको थियो । गीत बुझ्न थालेपछि त नेपाली आधुनिक गीतभन्दा पनि राम्रा र अर्थपूर्ण लाग्न थाले । तर गीतको गेडा भने घरीघरी बिर्सन्थेँ । मलाई अझ याद

छ– गीत गाउँदा गाउँदै एकदिन हिन्दी गीत गाउन मन लाग्यो । लय आउँछ तर शब्द भने घाँटीमै अड्कियो । हत्तपत्त दिदीलाई सोधेँ– “दिदी एउटा गीत छ नि, त्यो के सुली सुली ... भन्ने जस्तो क्या !” दिदी छक्क परेपछि मैले लय गुनगुनाएँ । एकछिन सोचेपछि उहाँले भन्नुभयो– “के त्यो पुछो पुछो भन्ने ?” मलाई तत्काल फुऱ्यो र गाउन थालेँ– “मैने किसिको दिल दे दिया, दिल दे दिया ...पुछो पुछो ... कौन हे वो ...।” दिदी भने पेट मिचीमिची हाँस्न थाल्नुभयो । गाउँमा प्रायः कुखुरा पाल्ने चलन हुन्छ । कुखुरा घरभित्र पसेर बिष्टाइदिन्छ । हामी बालकले घरमा गर्ने काममध्ये सुली पुछ्ने पनि एक हो । मैले त्यो हिन्दी गीतको पुछो भन्ने शब्दलाई सुली पुछ्ने आफ्नो कामसँग जोडेर सम्झनामा राखेको रहेछु र दिदीले पनि ।

गीतप्रतिको लगावको कारण बिहानै बारीमा नल (कोदोको बाला टिपिसकेर रहेको बोट) काट्न जाँदा पनि रेडियो लिएर गइन्थ्यो । बिहानै धार्मिक कार्यक्रममा भक्तराज आचार्य र फत्तेमानको भजन पनि खुब सुन्थेँ । स्वर र सङ्गीत दुवै मीठा तर गीतका गेडा भने त्यति मन पर्दैनथे । ‘एक दिन मैले प्रभुलाई सोधेँ’ जस्ता गीत तन्नेरी मनलाई सुहाउने कुरो पनि भएन । तर भजन गाइन्थ्यो, फगत सङ्गीतको लागि । नगेन्द्र थापाको गीत, गोपाल योञ्जनको सङ्गीत तथा नारायण गोपालको स्वर भनेपछि मन नै हल्का भएर आउँथ्यो । रेडियो टपक्क टिपेर कानमा टाँसिहाल्थेँ म । नारायण गोपालको मृत्युपछि उनको सम्झनामा नेबिको विस्कुट प्रालिले प्रायोजन गरेको साङ्गीतिक कार्यक्रमसँग जोडिएको एउटा प्रसङ्गको मसँग धमिलो सम्झना छ । उक्त कार्यक्रममार्फत नेबिको बिस्कुटका पाँच खाली खोलका साथ नारायण गोपालको फोटो पठाइदिन अनुरोध गर्न सकिन्थ्यो । सुमधुर स्वर भएका नारायण गोपाल हेर्दामा कस्ता पो होलान् भन्ने तीव्र उत्सुकताले गर्दा हामी पनि अनुरोध पठाउन रौसिएका थियौँ । पाँचओटा खाली खोलका लागि साथीसँग साझेदारी गर्थ्यौँ, बिस्कुट किन्नका लागि बुवा आमाका थैली रित्याउँथ्यौँ । तर थुप्रैपटक यसरी अनुरोध पठाए पनि नारायण गोपाललाई हेर्ने हाम्रो धोको त्यसले पूरा गर्न सकेन । रेडियो नेपाल सिंहदरबार काठमाडौँ भन्ने ठेगानामा पठाउँथ्यौँ । हामीलाई पोस्ट बक्स नम्बरको केही जानकारी थिएन । सायद पोस्ट बक्स नम्बर उल्लेख नगर्नाले हाम्रो चिट्ठी नै पुग्दैनथ्यो कि भन्ने म अहिले अनुमान गर्छु । नत्र मेरो मात्र नभई अरू कोही साथीले पनि नारायण गोपालको त्यो फोटो पाउन किन सकेनन् त ?

मेरालागि रेडियोको उपयोगिता गीत सुन्नमा नै खुम्चिएको थियो । तर अरू गाउँलेहरूका लागि रेडियो समाचार तथा मौसमको भविष्यवाणी सुन्नलाई पनि

उपयोग हुन्थ्यो भन्ने कुरो अहिले म अनुमान लगाउँछु । मलाई एकजना काकाको ठट्टा अझ पनि याद छ । लामो समयसम्म पानी परेको थिएन । स्कूलको जमघटमा केही अन्य गाउँलेहरू पानी नपरेको गुनासो गर्दै थिए । उहाँले भन्नुभयो–"तिमीहरू, रेडियो भएकाहरूकोमा त दिनैपिच्छे पानी पर्छ होइन र ?" त्यसपछि सबै मच्चिदै हाँसेका थिए । उहाँले यसो भन्ने बेलासम्ममा त गाउँमा धेरैको रेडियो थियो । कसैलाई सुनाउन ठूलो गरी बजाउन पनि छोडिसकिएको थियो । काँधमा रेडियो भिर्दै हिँड्डुल गर्ने चलन पनि हटिसकेको थियो ।

सुन्ने स्टेसन र रेडियो सेटको सङ्ख्या बढे होलान्, रेडियो सेटका आकार र मूल्य घटे होलान् तर अहिले पनि मेरो त्यो गाउँमा खबरको खानी र सङ्गीतको भकारी त्यही रेडियो बनेको छ । ब्याट्रीको समस्या ज्यूँका त्यूँ छ । घरका बार्दलीमा अझ पनि पुराना ब्याट्रीका लाम बग्रेल्ती देखिन्छन् । तिनले बालापनमा मैले देखेको रेडियोको छवि टपक्क टिपेर आँखा अघिल्तिर राखिदिन्छन् । एउटा लामो उच्छ्वास ल्याउँछ ममा, रेडियो र यसको कल्पनासँग बिताएका पलहरूको सम्झनाले ।